म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष ११, अंक ८६ सोमबार, १५ कात्तिक २०७८ एकादशी ने. सं. ११४१ कौलाथ्व 1 November, 2021 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## साहित्यकार तुल्सी थापा सम्मानित

हेटौंडा/मकवानपुरे साहित्यकार तुल्सी थापा सम्मानित भएका छन् । साहित्य संगम मकवानपुरले शनिबार हेटौंडामा आयोजना गरेको विशेष साहित्यक कार्यक्रममा साहित्यकार थापालाई सम्मान गरिएको हो ।

मकवानपुरे साहित्य क्षेत्रमा पुर्याएको योगदानको कदर गर्दै संगमले नगद ५१ हजार राशी सहित सम्मान गरेको छ । साहित्यका विभिन्न पाटामा कलम चलाउँदै आएका थापालाई संगमले ३१२ औं साहित्य सन्ध्याको अवसरमा आयोजित विशेष साहित्यिक कार्यक्रममा सम्मान गरेको हो ।

कविता, कथा, नाटक, दाना कवितालगायतका क्षेत्रमा कलम चलाउँदै मकवानपुरे साहित्यको उचाईलाई लाई देशभर पुर्याउन अनवरत रुपमा लागि रहेका थापालाई संगमका संस्थापक तथा साहित्यकार नवराज शर्माले सम्मानपत्र प्रदान गरेका थिए । उनलाई सम्मानपत्र, दोसल्लासहित नगद प्रदान गरिएको थियो । संगमले प्रदान गरेको नगद ५१ हजार रुपैयाँ हाल अमेरिका निवासी मकवानपुरवासी गौरव थपलियाले उपलब्ध गराएका हुन् । सम्मानित साहित्यकार थापाको व्यक्तित्व र कृतित्वका बारेमा साहित्यकार निमेष निखिलले बोलेका थिए ।

# ११ बुँदे घोषणापत्र जारी गर्दै सकियो पत्रकार महासंघको प्रादेशिक सम्मेलन

साझाकुरा संवाददाता

हेटौंडा/नेपाल पत्रकार महासंघ बागमती प्रदेश समितिको प्रादेशिक सम्मेलन सकिएको छ ।



चितवनको पर्यटकीय क्षेत्र सौराहस्थित कातिक १३ र १४ का लागि आयोजित प्रथम प्रादेशिक सम्मेलन ११ बुँदे घोषणापत्र जारी गर्दै आइतबार सकिएको हो । बागमती प्रदेश अन्तर्गत रहेका महासंघको १० जिल्ला शाखाका अध्यक्ष, सचिव र कोषाध्यक्षको सहभागीतामा सम्मेलन आयोजना गरिएको थियो ।

महासंघको बिधानबमोजिम प्रदेश समितिले एक कार्यकालमा एक पटक जिल्ला अध्यक्ष, सचिव र कोषाध्यक्षको सहभागितामा प्रादेशिक सम्मेलन गर्नुपर्नेछ । प्रदेश अध्यक्ष शिव देवकोटाको सभाध्यक्षतामा भएको सम्मेलनमा मुख्यमन्त्री राजेन्द्र पाण्डेको प्रमुख आतिथ्यता रहेको थियो । सम्मेलनमा महासंघ केन्द्रीय अध्यक्ष विपुल पोखरेल, बरिष्ठ उपाध्यक्ष रमेश बिष्ट, सचिव सिर्जना अर्याललगायतले सुझाव र निर्देशन पेश गरेका थिए ।

पेशागत सुरक्षा, पत्रकारिताको विकास र सरकारसँगका मागहरु समेटेर सम्मेलनबाट ११ बुँदे घोषणापत्र जारी गरिएको महासंघ प्रदेश समिति महासचिव कृष्णसारु मगरले बताए । घोषणा पत्रमा प्रेस स्वतन्त्रता, श्रमजीवी पत्रकारहरुको हकहित, क्षमता अभिवृद्धि, तथा पेशागत सुरक्षाको आबश्यक प्रबन्ध गर्न यो सम्मेलन सम्बन्धित पक्षको ध्यानाकर्षण गराइएको छ । प्रदेश समितिले कोभिड महामारी लगायत कारण देखाउँदै सञ्चारमाध्यमले पत्रकारहरुलाई कामबाट हटाउने, पारिश्रमिक नदिने जस्ता गतिविधि गरेकोमा यो सम्मेलनको ध्यानाकर्षण भएको र श्रमजीवी पत्रकारहरुलाई पेसाबाट बिमुख गराउने कार्यको भर्त्सना गर्दै यस्ता कार्य तत्काल सच्याउन र दिन बाँकी पारिश्रमिक तत्काल उपलव्ध गराउन यो सम्मेलन सम्बन्धित पक्षसँग माग गरेको छ ।

कोभिड महामारी लगायतका समस्याले स्वरोजगार मुलक सञ्चारमाध्यम आर्थिक रुपमा धरासयी बनेको र केही सञ्चार माध्यम बन्द भएका छन्, कतिपय बन्द हुने अबस्थामा पुगेका कारण यो परिस्थितिमा सञ्चारमाध्यम टिकाउन आबश्यक आर्थिक प्याकेज ल्याउन र स्वरोजगारमूलक सञ्चार माध्यमलाई समानुपातिक विज्ञापनको व्यवस्था गर्न प्रदेश सरकारसँग माग गरिएको घोषणा पत्रमा उल्लेख छ । 'नेपाल सरकारको नीति तथा कार्यक्रममा समावेश गरिएको आम सञ्चार प्रशिक्षण प्रतिष्ठान चितवनमा स्थापना गर्ने सम्वन्धमा नेपाल पत्रकार महासंघ, केन्द्रीय समितिले निर्णय गरिसकेको छ । उक्त निर्णय कार्यान्वयन गर्दै चितवनमा प्रतिष्ठान स्थापना गर्न यो सम्मेलन जोडदार माग गर्दछ ।'

घोषणापत्रमा लेखिएको छ, 'साथै काभ्रे शाखाले निर्माण गर्दै गरेको महासंघको भवनमा आवासीय प्रशिक्षण केन्द्र स्थापना गर्न आवश्यक प्रवन्ध मिलाउन पनि यो सम्मेलन सरकारसँग माग गर्दछ । साथै महासंघको प्रदेश कार्यालय रहेको हेटौंडा ११ स्थित जग्गामा प्रादेशिक सञ्चारग्राम स्थापनाका लागि प्रकृया अघि बढाउन यो सम्मेलन प्रदेश सरकारसँग आग्रह गर्दछ ।'

महासचिव मगरका अनुसार बागमती प्रदेश सरकारले आर्थिक वर्ष २०७८/७९ को बजेटमार्फत सरकार आफैले सञ्चार गृह सञ्चालन गर्ने अवधारणा अघि सारेकोप्रति भत्सर्ना व्यक्त गर्दै महासंघले स्वतन्त्र प्रेसको संवैधानिक प्रावधानलाई आत्मसात नगरी सरकार आफैले सञ्चार गृह र सञ्चारमाध्यम सञ्चालन गर्ने गरी ल्याएको बजेट संशोधन गरी सञ्चारमाध्यम र सञ्चार संस्थाको प्रवर्धनमा खर्च गर्ने व्यवस्था गर्न यो सम्मेलन प्रदेश सरकारसँग माग गरेको छ ।

पत्रकार महासंघ बागमती प्रदेश समितिले यो आर्थिक वर्षलाई तालिम वर्षको रुपमा अघि बढाउने निर्णय गरेकोसमेत उनले जानकारी दिए । प्रदेश भित्रका सञ्चारकर्मीको क्षमता अभिवृद्धि गराउने र यस क्षेत्रमा प्रवेश गर्न चाहानेहरुलाई सीप विकास तालिम सञ्चालन गर्ने समितिको उद्देश्य भएकोले यो अभियान सफल पार्न आबश्यक सहयोग गर्न महासंघले सम्बन्धित सबै पक्षलाई आग्रह गरेको अध्यक्ष देवकोटाले बताए ।

यसैगरी स्थानीय सञ्चार माध्यम प्रवर्द्धनका लागि स्थानीय तहमा उत्पादन हुने विज्ञापन स्थानीय सञ्चारमाध्यममा नै प्रकाशन प्रशारण गर्नुपर्ने व्यवस्था गर्न सम्मेलनले संघीय तथा प्रदेश सरकारसँग माग गरेको घोषणापत्रमा उल्लेख छ ।

महासंघको विधानमा उल्लेख भएको मापदण्ड अनुसार महासंघलाई क्रियाशील पत्रकारहरुको संस्था बनाउनका लागि सदस्यता शुद्धिकरण अभियानमा सहयोग गर्न सम्मेलनमार्फत सबै जिल्ला शाखाहरुलाई आग्रह गरिएको अध्यक्ष देवकोटाले जानकारी दिए ।

## मकवानपुरमा प्रणामी व्यवसायी संघ गठन

हेटौंडा/ प्रणामी समुदायभित्रका व्यवसायीहरुको छाता संगठन प्रणामी व्यवसायी संघ मकवानपुर गठन भएको छ ।

संघको हेटौंडामा भएको भेलाले विनोद पुडासैनीको संयोजकत्वमा १७ सदस्यीय कमिटी गठन गरेको छ । संघको तदर्थ समिति निर्माण गरिएको हो । जसको सहसंयोजकमा धर्मराज ढकाल (राजु) तथा सदस्यहरुमा प्रकाश वाग्ले, नवीन तिवारी, सागर उप्रेती, नवीन तिमल्सिना, अजय सापकोटा, बिदुर धिमाल, कृष्णसुन्दर खतिवडा, पुरुषोत्तम सिलवाल, सुमन लम्लास चयन भएका छन् । यसैगरी सदस्यहरुमै र मेश वाग्ले, भरत ढकाल, गुरुप्रसाद ढकाल, प्रकाश खतिवडा, अर्जुन ढकाल, शिवप्रसाद खतिवडा चयन भएको संघका केन्द्रीय अध्यक्ष विष्णु वाग्लेले जानकारी दिए ।

संघका केन्द्रीय अध्यक्ष वाग्लेको सभाध्यतामा भएको कार्यक्रममा मउवा संघका नवनिर्वाचित अध्यक्ष कृष्णकुमार गुप्ता (अग्रवाल), संघका निवर्तमान अध्यक्ष कृष्ण कटुवाल, उपाध्यक्ष अनिल अग्रवाल, प्रमोद सिंह रानाभाट, उज्वल चौलागाईं लगायतको आतिथ्ता थियो ।

## दुईदिन लाइन जाने

हेटौंडा/ हेटौंडा सहित मनहरी र राक्सिराङ र कैलाशको विभिन्न स्थानमा आइतबार र सोमबार दुई दिन विद्युत कटौती हुनेभएको छ ।

नेपाल विद्युत प्राधिकरण हेटौंडा वितरण केन्द्रले बिहान ६ बजेदेखि दिउँसो २ बजेसम्म विद्युत कटौती हुने जनाएको छ।नेपाल विद्युत प्राधिकरण हेटौंडा वितरण केन्द्र अन्तर्गत युनिलिभर फिडरको हेटौंडा देखी मनहरी गाउँपालिकाको लोथरसम्म र राक्सिराङको चैनपुर, कैलाश वडा नम्बर ४ पञ्जनी, देवीटार काँडालगायतका स्थानमा दुई दिन विद्युत आपुर्ति बन्द हुने केन्द्रले सुचना प्रकाशित गर्दै जानकारी गराएको छ । फिडर अन्तर्गतका हेटौंडा-भरतपुर- बर्दघाट २२० के भी प्रशारण लाइन आयोजनाको टावर नं एपी १०.० डिडि टाइप टावरको तार तन्काउने काम भइरहेको छ ।


# हार्दिक बधाई



कृष्ण कुमार गुप्ता अग्रवाल
अध्यक्ष



अनिल अग्रवाल
उपाध्यक्ष

मकवानपुर उधोग वाणिज्य संघको हालै सम्पन्न साधारणसभाबाट कृष्ण कुमार गुप्ता अग्रवाल अध्यक्ष, यस संस्थाका पूर्वउपाध्यक्ष अनिल अग्रवाल वाणिज्यतर्फ उपाध्यक्ष पदमा निर्वाचित हुनुभएकोमा उहाँहरुसहित नवनिर्वाचित समितिलाई हार्दिक बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।

विष्णुगोपाल महर्जन, अध्यक्ष
एवम् मकवानपुर सहकारी अस्पताल परिवार
हेटौंडा-१, भिन्तुनापथ


# 'पार्टी परिवर्तनबारे गलत हल्ला चलाइयो'

हेटौंडा/ नेपाली कांग्रेस मकवानपुरका जिल्ला सदस्य गोपिप्रसाद अधिकारीले केहिदिन यता आफुबिरुद्ध पार्टी परिवर्तन गर्न लागेको भनि चलाएको हल्ला प्रति गम्भिर ध्यानाकर्षण भएको बताएका छन् ।

आइतबार एक प्रेस विज्ञप्ति सार्वजनिक गर्दै जिल्ला सदस्य अधिकारीले केहि गलत नियतका व्यक्तिहरुले आफ्नो चरित्र हत्या गर्ने दुष्प्रयास गरेको भन्दै यस्ता भ्रमपूर्ण अभिव्यक्ति र हल्लाप्रति नालग्न आग्रह गरेका छन् ।


तत्कालिन मकवानपुर गढी गाविसको कांग्रेस सभापतिको रुपमा दुई/दुई पटक नेतृत्व गरिसकेको र हाल पनि जिल्ला कार्यसमितिमा रहि काम गरिरहेको अवस्थामा मकवानपुरगढी गाउँपालिकाका केहि राजनितिक अराजकहरुले आफुविरुद्ध पार्टी परिवर्तन गर्न लागेको हल्ला चलाएको भन्दै अधिकारीले आपत्ति जनाएका छन् ।

उनले नेपाली कांग्रेस पार्टीको नीति र सिद्धान्तमा अडिग हुन नसकेर अन्य पार्टीमा लागेका मकवानपुरगढी गाउँपाकिाका केहि अराजक समूह आफु विरुद्ध यसअघि पनि र अहिले पनि आफ्नो राजनितिक चरित्र हत्या गर्ने प्रयासमा लागेको दावी गर्दे उक्त अराजक समूहको हल्लाको पछि नलाग्न र त्यसमा कुनैपनि सत्यता नरहेको स्पष्ट पारेका छन् । उनले आफु नेपाली कांग्रेसको ६ दशकदेखि अनवरत क्रियाशिल एक सिपाही रहेको उल्लेख गर्दै पार्टीको विभिन्न तह र तप्कामा रहेर पार्टीको विकास र उन्नतीका साथै पार्टीले दिएको जिम्मेवारी र निर्देशन कर्तव्यनिष्ठ भएर पालना गरिरहेको र भोलीका दिनमा पनि आफ्नो पार्टीप्रतिको निष्ठा र क्रियाशिलता निरन्तर रहने बताएका छन् । जिल्ला सदस्य अधिकारीले आफै नैतिक रुपमा पदन भएको अराजक समूहले आफ्नो नैतिक इमान्दारिता माथी औंला उठाउँनुको कुनै औचित्य नरहेको स्पष्ट पारेका छन् ।





| SN | AREA | SN | AREA |
|---|---|---|---|
| 1 | 0-0-14.75 | 15 | 0-0-12.00 |
| 2 | 0-0-11.50 | 16 | 0-0-11.25 |
| 3 | 0-0-11.75 | 17 | 0-0-10.50 |
| 4 | 0-0-11.00 | 18 | 0-0-10.00 |
| 5 | 0-0-10.75 | 19 | 0-0-10.50 |
| 6 | 0-0-10.75 | 20 | 0-0-11.00 |
| 7 | 0-0-11.25 | 21 | 0-0-11.25 |
| 8 | 0-0-11.25 | 22 | 0-0-12.00 |
| 9 | 0-0-10.75 | 23 | 0-0-12.25 |
| 10 | 0-0-9.50 | 24 | 0-0-12.00 |
| 11 | 0-0-9.25 | 25 | 0-0-12.00 |
| 12 | 0-0-9.25 | 26 | 0-0-12.00 |
| 13 | 0-0-11.00 | 27 | 0-0-12.50 |
| 14 | 0-0-12.00 | 28 | 0-0-12.25 |
| | | 29 | 0-0-16.00 |




# leadership mentoring programme

A year-long mentorship programme for young women in Nepal to enhance leadership skills

**Deadline: Tuesday, 16 November 2021, 23:59 NPT**
**To Apply: bit.ly/3ALJ1XL**

काठमाडौं स्थित बेलायती दूतावासले महिला तथा बालिकाहरुलाई सशक्तिकरण गर्न सहयोगी सम्बन्ध निर्माण र प्रवर्द्धन गर्नु महत्वपूर्ण रहेको विश्वास गर्दछ। तसर्थ, बाल बालिकाको अन्तर्राष्ट्रिय दिवस २०२१ मा, महिलाहरुले नेतृत्व गरेका दूतावास र विकास एजेन्सीहरुको समूहद्वारा सञ्चालित यस एक वर्ष लामो मार्गदर्शन कार्यक्रमको हिस्सा बन्न, हामी नेपालका सबै युवा महिलाहरुलाई आहवान गर्दछौं।

सफल उम्मेदवारहरुले आफ्नो नेतृत्व सिप विकास गर्नका निम्ति काठमाडौं स्थित महिला राजदूतहरु र एजेन्सीहरुका प्रमुखहरुबाट मार्गनिर्देशन (मेन्टरीङ) प्राप्त गर्ने अवसर पाउनेछन्।

सफल आवेदकहरुलाई निम्न अनुभवी सहयात्रीहरु (मेन्टर्स) मध्ये एकद्वारा मार्गनिर्देशन गरिनेछ:

- नेपालका लागि बेलायती राजदूत, महामहिम निकोला पोलिट् (Nicola Pollitt)
- नेपालका लागि अस्ट्रेलियाली राजदूत, महामहिम फेलीसिटी भोल्क (Felicity Volk)
- नेपालका लागि युरोपियन यूनिएनका राजदूत, महामहिम नोना डुप्रेज (Nona Duprez)
- नेपालको लागी स्विट्जरल्याण्डका राजदूत, महामहिम एलीजाबेथ भन कपेलर (Elisabeth von Capeller)
- यूएसएआईडीकी प्रमुख सेपीडे कीभ्यान्सड् (Sepideh Keyvanshad)
- ब्रीटिस काउनशील नेपालकी राष्ट्रिय निर्देशक शाहीदा म्याकडोगल (Shahida MacDougall)
- संयुक्त राष्ट्रसंघका आवासीय संयोजक, सारा बेसोलो न्यान्टी (Sara Beysolow Nyanti)
- नेपालका लागी यूनीसेफकी प्रतिनिधि एल्के विस्च (Elke Wisch)
- यूएनडीपीकी आवासीय प्रतिनिधि एशानी मेडागन्गोडा- लाबे (Ayshanie Medagangoda–Labe)

कसरी आवेदन पेश गर्ने भनेर पूर्ण जानकारी पाउनको लागि, कृपया www.gov.uk/government/news/participate-in-a-womens-leadership-mentoring-programme-in-nepal मा जानुहोस्।

साझाकुरा

हाम्रो कुरा

# व्यवस्थित सहरीकरणमा जोड दिऔं

नेपालको सहरीकरणको अवस्था हेर्ने हो भने, अबको केहि वर्षमा मानिसहरु पुन: ग्रामीण क्षेत्रमै फर्किनुपर्ने बाध्यता सिर्जना हुने देखिन्छ । बिनायोजना र भविष्य निर्धारण नगरी बसाइएको सहरको अवस्थाका कारण कयौं जोखिम अहिले छर्लङ्ग देखिन थालिसकिएको छ । सडक साँघुरो, जोडिएका ठूला भवन, फुटपाथ बिनाका सडक, कच्ची भवन र अव्यवस्थित व्यापारिक क्षेत्रका कारण व्यवस्थित सहरीकरण कल्पनाभन्दा बाहिर पुगिसकेको छ ।

त्यसकारण अब नेपालमा बन्दै गरेका नयाँ सहरमा व्यवस्थित सहरीकरणमा जोड दिनुपर्ने प्रष्ट छ । आज ३१ अक्टोबर अर्थात विश्व सहरीकरण दिवस । विश्वव्यापी सहरीकरणको अवसर, सहरीकरणका चुनौतिका सामना तथा सहरका एक आपसमा सहयोगका आदान-प्रदान गर्दै सहरी विकासका लागि योगदान पुर्‍याउने उद्देश्यका साथ विश्वभर यो दिवस मनाइँदैछ । 'प्रमुख सहरी रूपान्तरण' मूल नाराका साथ सन् २०१४ मा चीनमा पहिलो पटक सहरीकरण दिवस मनाइएको थियो । यस वर्ष 'जलवायु लचिलोपनका लागि सहरहरू अनुकूलन गर्ने' नाराका साथ विश्व सहरीकरण दिवस मनाइँदैछ । संसारभर बाढी, खडेरी, समुन्द्री सतहमा आएको वृद्धि, बढ्दो गर्मी, पहिरो तथा आँधी जस्ता जलवायु सम्बन्धी प्रकोपको असर बढ्दै गएको सन्दर्भमा विश्व सहरीकरणको दिवसले खास अर्थ राख्छ । व्यवस्थित आवास, यातायात, संचार जस्ता दैनिकीलाई सहज बनाउने सबै किसिमका सेवासुविधायुक्त क्षेत्रलाई नै सहर भनिन्छ र यो हुनु वा बनाउनुलाई सहरीकरण भनिन्छ । तर, अहिले सहरीकरणको नाममा प्राकृतिक तथा सांस्कृतिक सम्पदालाई मासेर स्मार्ट सहरको नाम झुण्ड्याउने लहर छाएको छ । यस्ता गतिविधिले सहरलाई अस्तित्वहिन मानव बस्ती बनाउनु बाहेक अरु कुनै परिवर्तन गर्न सक्दैन ।

व्यवस्थित सहरीकरणमा समयसँगै विकास भएका प्रविधिको प्रयोग हुनु एउटा पाटो भए पनि हाम्रा कला, सांस्कृतिक तथा सामाजिक पहिचानको पनि संरक्षण गर्नु अहिलेको आवश्यकता छ । हेटौंडाको सवालमा पनि अव्यवस्थित सहरीकरण देखिने ठाउँ हो । यहाँको अवस्था हेर्दा अबको केहि वर्षमा यहाँका स्थानीयनै बसाईं सर्ने स्थिति देखिन्छ । किनकी यहाँका पुराना बस्तीसँगै नयाँ बसोबास केन्द्रसमेत अव्यवस्थित देखिन्छ । बजार क्षेत्रमा साँघुरो सडक, औद्योगिक क्षेत्रमा अव्यवस्थित अवस्था, बसोबास क्षेत्रमा सडक, खानेपानी, ढलबिना अघि बढाइएको योजना देखेर अब यहाँको सहरीकरण पूर्ण अव्यस्थित हुने सम्भावना बढेको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५१५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९११४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७८ असोज १६ गते मंगलबार २ नोभेम्बर २०२१ । कात्तिक कृष्ण द्वादशी । कौलागा द्वादशी ११४१ । सूर्योदय ६:१४ र सूर्यास्त ५:१९ मा हुनेछ । धन त्रयोदशी व्रत (धन्तेरस)/धनवन्तरी जयन्ती ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : अध्ययनमा बाधा | **तुला** | : आफन्तजन भेट |
| **वृष** | : धन प्राप्ति | **वृश्चिक** | : भित्रजन भेट |
| **मिथुन** | : शत्रुबाट मुक्त | **धनु** | : प्रेममा सफलता |
| **कर्कट** | : धन नष्ट | **मकर** | : शुभ कार्यको थालनी |
| **सिंह** | : मिष्ठान्न भोजन | **कुम्भ** | : सुख प्राप्ति |
| **कन्या** | : आलश्यता | **मीन** | : यात्राको योग |

# स्वच्छ र सक्षम प्रशासनको खाँचो

प्रशासन सेवामुखीभन्दा सुविधामुखी, परिणामभन्दा प्रक्रियामुखी, जवाफदेही र जिम्मेवारी पन्छाउने, सेवकभन्दा शासक बढी भएको गुनासो सत्यको नजिक छ ।



बाबुकाजी कार्की

शासन प्रणालीमा नैतिकता, सदाचार, इमानदारिता र चुस्तताले मात्र पारदर्शिता र सुशासनको प्रत्याभूति सुनिश्चित गर्न सकिन्छ । नेपालको संविधान, २०७२ को धारा ५१ ख (४) मा सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै राज्यबाट प्राप्त हुने सेवासुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति दिने स्पष्ट प्रावधानको व्यवस्था गरिएको छ ।

पारदर्शिता, कार्यसम्पादनमा चुस्तता, सामाजिक उत्तरदायित्व र जवाफदेहिता सुशासनको ऐना हो । सार्वजनिक प्रशासनलाई जनमुखी, जवाफदेही, पारदर्शी, समावेशी तथा जनसहभागितामूलक बनाउने उद्देश्यले सुशासन ऐन, २०६४ दफा ३८ का आधारमा सुशासन नियमावलीले केन्द्रीय, क्षेत्रीय, जिल्ला तथा मन्त्रालयस्तरमा समेत अनुगमन तथा मूल्यांकन समितिको छुट्टै व्यवस्था गरेको छ ।

त्यस्तै सुशासन र पारदर्शितालाई कार्यान्वयनको कसीमा खरो उतार्न सार्वजनिक निकायबाट सञ्चालन हुने योजना, नीति, कार्यक्रम तथा आयोजनाको लक्ष्य, उद्देश्य, बजेट तथा यसबाट प्राप्त नतिजा, प्रतिफल एवं खर्चका बारेमा सरोकारवालालाई जानकारी गराउने, लेखाजोखा गर्ने र मूल्यांकन गर्ने व्यवस्था गरेको छ । यस प्रकारका सार्वजनिक सुनुवाइ तथा सामाजिक परीक्षणलाई तदारुकताका साथ कार्यान्वयनमा उतार्न सकेमा सुशासनको प्रत्याभूतिमा बढोत्तरी हुने वास्तविकता हो ।

समृद्ध नेपाल सुखी नेपालीको सपनाको ढोका उघार्ने साँचो स्वच्छ र सक्षम प्रशासनको खाँचो खट्किएको छ । वर्तमानको सुस्त प्रक्रियामुखी निजामती प्रशासनलाई चुस्त र परिणाममुखी बनाउन अझै धेरै बुद्धि, विवेक खियाउन विलम्ब भइसकेको छ । कोरोना कहरबीच यस वर्षको निजामती सेवा दिवस 'स्वच्छ र सक्षम निजामती प्रशासन समृद्धि र सुशासन' भन्ने नाराका साथ मनाइएको छ । निजामती सेवा दिवस विगतमा जस्तै कर्मकाण्डी मात्र नभई सुधारको संकल्पसहित मनाउन सके मात्र नाराको गरिमा बढ्नेछ । निजामती सेवा दिवसमा प्रदान गरिने पुरस्कार राम्रोलाई भन्दा पनि हाम्रोलाई प्राथमिकता दिएका कारण विवादरहित हुन सकेको छैन ।


प्रशासन सेवामुखीभन्दा सुविधामुखी, परिणामभन्दा प्रक्रियामुखी, जवाफदेही र जिम्मेवारी पन्छाउने, सेवकभन्दा शासक बढी भएको गुनासो सत्यको नजिक छ । विद्यमान संविधानले नेपालको सार्वभौमसत्ता नेपाली जनतामा सुनिश्चित गरेको परिप्रेक्ष्यमा देश विकासमा उत्साहजनक जाँगरिलो जनसहभागिता जुटाउन हरेक क्षेत्रमा पारदर्शिता हुनु पहिलो सर्त हो ।

देशको शासन प्रबन्ध स्वच्छ र सही दिशामा निर्दिष्ट छ वा छैन भन्ने कुराको निरन्तर सुपरिवेक्षण र मूल्यांकनका लागि जनताले जानकारी पाउनु आवश्यक हुन्छ । नेपालमा अधिकांश सार्वजनिक महत्व र सरोकारका निर्णयहरू प्राय: चाकडी, चाप्लुसी, नातावाद, कृपावाद, पार्टीभित्रको गुटबन्दी र कमिसनका आधारमा हुनु सुशासनका लागि शुभसंकेत होइन । चाकडीमा रमाउने र कमिसनमा कमाउने संस्कार लोकप्रिय बन्दै गएको छ ।

अधिकांश सार्वजनिक पदको नियुक्ति विशेषज्ञता, वरिष्ठता र योग्यताका आधारमा नभएको गुनासो सत्यताको नजिक छ । राजनीतिक नेतृत्वमा नै पारदर्शिताको खडेरी देखिन्छ । सत्तामा पुगिसकेपछि पनि प्रशासनिक सुधारमा निष्पक्षता राजनीतिक आग्रह र पूवाग्रहको ग्रहणमा परेको छ । आर्थिक तथा नीतिगत निर्णयहरूका आधारबारे पारदर्शिता संकटमा छ । नेपालको शासन र प्रशासनमा पारदर्शिताको छनक वि.सं. २००७ मा राणाशासनको अन्त्यसँगै भएको पाइन्छ, जसको उदाहरणका रूपमा नेपाल सरकारको आयव्यय विवरण वि.सं. २००८ मा पहिलो पटक सार्वजनिक गरिएको थियो ।

राणाकालमा नियुक्ति, सरुवा-बढुवा, पँजनीमा हुकुम र आदेशका भरमा आफ्नो स्वार्थअनुकूल गर्नुलाई सामान्य मानिन्थ्यो । नेपालमा पारदर्शिताको सिद्धान्त व्यावहारिकताको कसीमा फितलो भएको कारणबाट भ्रष्टाचार र गैरजिम्मेवारीपन मौलाएको छ । विगतका पञ्चायत, प्रजातन्त्र तथा लोकतन्त्रकालमा क्रमिक रूपमा सुधार भए पनि पर्याप्त मात्रामा पारदर्शिता विधि र व्यवहारमा आत्मसात् भएको पाइँदैन । प्रशासन मायाले नभई न्यायले चल्ने प्रवृत्ति र प्रविधिको खाँचो निजामती सेवामा खट्किएको पाइन्छ ।

सुशासनको प्रत्याभूतिका लागि सुशासन ऐनले समन्याय र समावेशीकरण, मानवअधिकारको प्रत्याभूति, पारदर्शिता, वस्तुनिष्ठता, जवाफदेहिता तथा इमानदारिता, आर्थिक अनुशासन, भ्रष्टाचारमुक्त, चुस्त र जनमुखी प्रशासन,



तटस्थता र निष्पक्षता, विकेन्द्रीकरण तथा अधिकार निक्षेपणजस्ता चरित्र निजामती प्रशासनमा हुनुपर्ने प्रस्ट्याएको छ । तर, निजामती सेवाका कतिपय सुन्दर प्रावधानहरू नातावाद, कृपावाद र अवसरवादले कुरुप बनाएको छ ।

जनता र नागरिक समाजको चेतना र जागरुकताको स्तर जतिजति बढ्दै जान्छ सुशासनको अवलम्बनमा दबाब बढ्दै जाने यथार्थता हो । सुशासन र पारदर्शिता एकअर्काका परिपूरक हुन् । यी दुवैलाई प्रवर्द्धन गर्न सेवाग्राही पनि उत्तिकै चनाखो हुनुपर्छ । सेवाग्राहीलाई आफ्नो अधिकार र कर्तव्यप्रति सचेत बनाउनका लागि सशक्तीकरण गर्न सकिएमा पनि सुशासन र पारदर्शिताको सुनिश्चिततामा बल पुग्नेछ ।

राज्यमा विभिन्न कानुनी निकाय तथा संघसंस्थाहरूले आफ्नो कामकारबाही सम्पादन गर्दा विद्यमान नीति नियमहरूलाई आमजनताको हितलाई केन्द्रबिन्दुमा राख्नु नै सुशासनको प्रमुख मर्म हो । नागरिक सुरक्षा, उत्तरदायित्व, चुस्त-दुरुस्त सार्वजनिक सेवा प्रवाह, विधिको शासन, पारदर्शिता, सुदृढ एवं समृद्ध नागरिक समाज सुशासनका आधारभूत सर्त हुन् । अधिकारको प्रयोग गर्ने व्यक्तिले वैधानिकता, उत्तरदायित्व, पारदर्शिता, जनसहभागिता र सेवा अभिमुखीकरणलाई आत्मसात् गर्दै अघि बढ्नुपर्ने हुन्छ । आमजनताको भलाइका लागि गर्नुपर्ने काम र सेवा छिटो छरितो र सर्वसुलभ रूपमा सम्पन्न गर्नु नै सुशासन हो । सुशासनले सेवाग्राही र सेवा प्रदायकबीचमा अटल हार्दिकता र विश्वास कायम गर्छ । सुशासनको प्रवर्द्धन र प्रत्याभूति दिनका लागि नीतिनियमको निर्माणदेखि कार्यसम्पादन तहसम्म पारदर्शिताको संस्कृतिको विशेष महत्व रहन्छ ।

सरकारले नागरिकको हकहित र कल्याणका लागि के काम गर्दै छ भन्ने कुरा जान्ने अधिकार सबैमा हुन्छ । पारदर्शिता भनेको सरकारी गतिविधिसम्बन्धी सूचनाको त्यस्तो रूप हो, जसमा राजनीतिकलगायत अन्य सार्वजनिक पदाधिकारीद्वारा गरिने जुनसकै निर्णय तथा कार्यको सम्बन्धमा सार्वजनिक छलफल र बहस गर्न सकिन्छ । नीतिनियम र कार्यान्वयन उचित ढंगबाट भएको छ कि छैन, विद्यमान नीतिनियम र कार्यशैलीलाई जनमुखी जनकल्याणकारी बनाउन तथा सेवाप्रदायक पदाधिकारीहरूलाई आफ्नो कामकारबाहीप्रति जवाफदेही र उत्तरदायी बनाउनका लागि पारदर्शिताको माध्यमबाट सर्वसाधारणको जनआकांक्षा र जनमत बुझ्न सकिन्छ, जसबाट जनअपेक्षाबमोजिम मौजुदा नीतिनियम र विधिलाई समयानुकूल परिमार्जित र परिष्कृत गर्न टेवा पुग्छ ।

निर्बाध सूचना प्रवाहका आधारमा सरोकार र विज्ञहरूसँगको सौहार्द छलफलबाट बनेको परिष्कृत नीतिनियमको कार्यान्वयनबाट सुशासन उन्नत तथा लोकप्रिय हुने कुरामा दुईमत हुन सक्दैन । पारदर्शिताले क्रियाकलापमा व्यापक जनसहभागिता जुटाउन, अनुत्पादक तथा व्यर्थको अफवाह हल्लालाई निरुत्साहित गरेर जनविश्वास र अपनत्व आर्जन गरी समयमा नै गुणस्तरीय कार्य सम्पादन गर्न हौसला प्रदान गर्छ । सार्वजनिक प्रशासनमा उत्तरदायित्व र जवाफदेहिताको बढोत्तरीमा मात्र नैतिकता र इमानदारिता फस्टाउन सक्छ । - साभार: कारोबारडेली

# दैनिकी धान्ने हैन, दैनिकी बदल्ने नेतृत्व चाहियो



सीमा बन

मानवनिर्मित समूह वा संस्थाभित्र विभिन्न पृष्ठभूमि, अनुभव, दक्षता, क्षमता, योग्यता भएका व्यक्तिहरू रहेका हुन्छन् । यिनीहरूलाई सकारात्मक दिशातर्फ उन्मुख गराई समूह वा संस्थाको लक्ष्य प्राप्त गर्न अवलम्बन गर्ने सामाजिक प्रक्रियालाई नेतृत्व भनिन्छ । नेतृत्वले दूरदृष्टि निर्माण गर्दछ र अरूलाई त्यसप्रति आकर्षण र त्यससँग सम्बन्धित क्रियाकलापमा संलग्न हुने प्रेरणा दिन्छ ।

नेतृत्व शब्द नेताबाट आएको हो । नेता भनेको कुनै पनि समूहलाई अगुवाइ गर्ने, निर्देशन दिने, प्रोत्साहित गर्ने र बाटो देखाउने व्यक्ति हो । नेताले कुशलतापूर्वक आफ्ना अनुयायीहरूलाई सामूहिक लक्ष्यतर्फ उन्मुख गराउँछ भने उसको त्यो अगुवाइ भूमिका नै नेतृत्व हो । नेतृत्व भनेको समूहलाई प्रभाव पार्ने र नेताले सोचे अनुरूप कार्य गर्न प्रोत्साहित गर्ने कला वा प्रयास हो अर्थात् नेतृत्व भनेको परिस्थितिअनुसार निश्चित लक्ष्य प्राप्त गर्नका लागि व्यक्तिहरूलाई प्रोत्साहित गर्ने क्षमता हो ।

नेतृत्व एउटा गुण हो, जुन प्रत्येक व्यक्तिमा लुकेको हुन्छ । अर्थात् हरेक व्यक्तिभित्र नेतृत्व गर्ने नेता बन्ने गुण लुकेको हुन्छ । आफूभित्र सुषुप्त अवस्थामा रहेको नेतृत्व गुणको विकास गर्नु व्यक्तित्व विकास पनि हो । हामी हुर्किएको समाजमा नेता भनेका ठूलो ठूलो स्वरमा भाषण गर्ने, आफ्नो गुट बनाउने, अर्को पक्षलाई चर्को स्वरमा गाली गर्ने, आफ्नो अगाडि पछाडि जयजयकार गर्नेहरूको भीड बोकेर हिँड्ने, चाकडी, चाप्लुसीमा प्रफुल्लित हुने समाजका सर्वेसर्वा हुन्, मालिक हुन् भन्ने आभास हुन लागेको छ । समूहको नेता हुनु भनेको आफूलाई मालिक सम्झिने होइन र म आदेश दिन्छु तिमी मान भन्ने सोचको विकास उनमा हुनुहुँदैन । समूहलाई घोडा ठान्ने र आफूले रथ हाक्ने प्रवृत्ति नेतामा हुनुहुँदैन । नेतामा धर्म हुनुपर्छ । धर्म भनेको अरूको ख्याल गर्नु हो । जंगलमा जनावरहरूले आफ्ना सन्तान बाहेक अरूको ख्याल गर्दैनन् । तर मानिसहरूले अरूको ख्याल गर्ने हुँदा मानिसलाई सबै प्राणीमा विशिष्ट मानिएको हो । त्यसैले समूहको नेताले आफ्ना समूहका सबै सदस्यहरूको ख्याल गर्नुपर्छ । आफ्नो र आफ्ना निकटतमहरूमा मात्रै आफूलाई केन्द्रित गर्दा असल नेताको धर्मविपरीतको कार्य हुन्छ, जुन नेपाली राजनीतिमा सबैभन्दा डरलाग्दो विषय बनिसकेको छ र आम जनतामा नेता भन्ने शब्द नै वितृष्णा बनिसकेको छ । नेता सबैको साझा अभिभावक बन्नुपर्छ । जसरी भमराले फूलको रस लिने बेला फूलको रङ वा सुगन्ध बिगार्दैन त्यसैगरी आफ्ना अनुयायीहरूबाट नेताले लाभ लिने मात्रै होइन तिनको सुन्दरतामा अझ निखार ल्याउने काम गर्न सक्नुपर्छ ।

जुनसुकै क्षेत्रलाई गति दिनका लागि, दिशा प्रदान गर्नका लागि प्रभावकारी नेतृत्व चाहिन्छ । नेतृत्वको अभावमा एउटा परिवार पनि खुसी र सम्पन्न हुन सक्दैन । एउटा समाज रचनात्मक दिशामा लम्कन सक्दैन र एउटा राष्ट्र अग्रगामी बाटोमा हिँड्न सक्दैन अर्थात् समग्र विकासका लागि कुशल नेतृत्वको आवश्यकता पर्दछ । यस अर्थमा परिवर्तनका लागि आत्मविश्वासले भरिएको इमानदार, प्रतिबद्ध, धैर्यशील, पारदर्शी र सकारात्मक दृष्टिकोण भएको, जिम्मेवारीलाई बहन गर्ने क्षमता भएको नेतृत्व चाहिन्छ ।

समाजका प्रत्येक एकाइमा नेतृत्वको संस्थापन गरिएको हुन्छ । राज्यको उत्पत्तिसँगै नेतृत्वको संस्थापन भएको इतिहास पाइन्छ । नेतृत्व भनेको समाज डोर्‍याउने साधन हो । उक्त साधन उत्तम भयो भने सही बाटोमा हिँडेर गन्तव्यसम्म पुग्न सकिन्छ अन्यथा समाज विकासको गति कुहिरोभित्र हराएको काग जस्तो रुमलिर हन्छ । नेतृत्वको अभाव भनेको भीड हो, अन्योलता हो, अराजकता हो र दिशाहीनता पनि हो ।

नेतृत्वका लागि नैतिक शक्ति महत्त्वपूर्ण पुँजी हो । यसको अभावमा ऊ प्रेरक हुन सक्दैन । नैतिकताको अर्थ अन्धाधुन्ध कुनै निश्चित नियमहरूको सूची पालना गर्नु मात्र होइन । यसको अर्थ नीतिपूर्ण मार्ग अवलम्बन गर्नु लाभकारी हुन्छ भन्ने कुराप्रति विश्वस्त हुनु हो । नैतिकताको दृढ अभ्यासले हामीलाई सबैसँग मित्रतापूर्ण सम्बन्ध बनाउन सहयोग गर्छ । नेतृत्व आफैंमा सहज हुँदैन । नेतृत्व केवल विचारले गर्दछ । विचारको नेतृत्व चेतनाले गर्छ । चेतनामा विकास हुनका लागि स्वार्थता र व्यक्ति केन्द्रित सोच त्याग्नु पहिलो काम हो । विचार आफैमा फराकिलो हुन्छ । त्यसभित्र सामूहिकता रहेको हुन्छ । समानता, आर्थिक विकास, उच्चतम सकारात्मक सोच र विकासोन्मुख धारणा विचारका सुन्दर पक्ष हुन । यहीभित्रको दायरामा रहेर नेतृत्वले नेतृत्व गरेमा परिवर्तन र समृद्धि टाढा छैन ।

विचारविनाको नेतृत्व भनेको लगामविनाको घोडा जस्तै हो । जुन जतिखेर पनि घातक हुन सक्छ । नेपालमा देखिएका घटनाक्रम पनि विचारविनाको राजनीति हो, यस्तो राजनीति मिथ्या मात्र हो । विचारविनाको नेतृत्वले क्षणिकतामा प्रभाव पारे पनि त्यसले दीर्घकालीन रूपमा पार्ने प्रभावका बारेमा न त नागरिक, कार्यकर्ता नै जानकार र सचेत भए न त नेताहरू नै जसले गर्दा नेपालको राजनीतिक व्यवस्था सधैं नै उथलपुथल भइरह्यो ।

बोल्ने र गर्नेका बीचमा आकाश जमिनको अन्तर छ, त्यो समेत भेउ नपाउनेहरूको पछाडि आम जनता लाग्दा सम्पूर्ण जनताको विवेक बन्धक भएको छ । जसको भरपुर फाइदा नेताहरूले लिइरहेका छन् । आफैभित्रको क्षमतालाई बन्धक राखेर कसैको पछाडि दौडनु भनेको दास बन्नु हो । आफूसँग विचार र विवेकको भण्डार अथाह हुन्छ तर त्यसको प्रयोग नै हामी गर्न सक्दैनौं । नेपालको राजनीतिक र सामाजिक सोच र प्रवृत्तिले आफैभित्रको क्षमतामा विश्वास नगरी अर्काको पछि लाग्नु बाध्यता जस्तै बनिदियो ।

नीति प्रधान हुनुपर्ने अवस्थामा जब नेतृत्व आत्माकेन्द्रित र स्वार्थमा अल्झिन्छ, त्यसले सिंगो देश र जनतालाई नै असर गर्छ । व्यक्ति आफूलाई नै केन्द्रमा राखेर गरिने नेतृत्वको आयु भनेको अल्पायु हो । यसले नेताका स्वार्थ घुलित सपना मात्र साकार हुन्छन् र भइरहेका पनि छन् जसबाट जनताका आवश्यकता र असहजता सम्बोधन हुन सक्दैनन् ।

यो यथार्थ र तीतो सत्य हो । यति जानकारी हुँदाहुँदै पनि तिनै राजनीतिक दलका नेताहरूलाई आफ्नै दाइ नाता जोडिरहेका हुन्छौं । हामीले टेकेको धरातल र बुझाइएको धरातल निकै फरक छ । राजनीतिको मूल मर्म र मान्यता नै बिर्सिएका अथवा थाहा नभएकाहरू नेपालको नेतृत्वमा हाबी बनिरहेका छन् । उनैका लागि हामी ज्यान दिन तयार छौं, परिवार बिर्सिएका छौं । आफन्त र समाज बिर्सिएका छौं भने दोषी को ? हामी आम नागरिक या हामीले छानेको हाम्रो नेतृत्व ? उत्तर खोजिनु जरुरी छ ।

नेतृत्वको परीक्षाविपरीत र विषम परिस्थितिमा हुने गर्दछ । अनुकूल अवसरमा देखा परेको नेतृत्व प्राय: ऐतिहासिक हुँदैन । सैर्ष र प्रतिकूलताले जन्मेको नेतृत्व आफ्नो क्षेत्रमा कोसेढुंगा साबित हुन्छ । योग्य र अनुभवी नेताहरूले विश्व इतिहास रचेका छन् । इतिहासको पाना पल्टाउँदा नेपोलियन बोनोपार्ट, विस्टर्न चर्चिल, जर्ज वासिङ्टन र महात्मा गान्धी जस्ता नेताहरूले आफ्नो कुशल नेतृत्वद्वारा जनताको मार्गदर्शन गरेको सर्वविदित नै छ ।

नेता बन्न लाखौं मानिसको भीडलाई पछाडि लगाउनुपर्छ भन्ने होइन । न त चर्को आवाज हुनु जरुरी छ । असल नेता हुन उसमा बलियो इच्छाशक्ति, आत्मविश्वास, अरूलाई अभिप्रेरित गर्नसक्ने क्षमता, जिम्मेवारी र उत्तरदायित्वको भावना, प्रभावकारी सञ्चार सीप, इमानदार सोच र चरित्र तथा त्यागको भावना जस्ता गुण विद्यमान हुनु जरुरी छ ।

ठूलो नेता उसको पछाडिको भीडले होइन यथार्थपरक लक्ष्यले निर्धारण हुनुपर्छ र लक्ष्यसँगै उसमा मूल्य मान्यता र आदर्श हुनु जरुरी छ । कुशल नेतृत्वको गुण भनेको निश्चित समयसम्म नेतृत्वमा बसेपछि नेतृत्वको हस्तान्तरण गर्नुपर्छ भन्ने सोच सहितको व्यवहार पनि हो । तत्पश्चात एउटा अभिभावकको भूमिकामा बस्न सक्ने प्रवृत्तिको विकास हुनुपर्छ ।

वर्तमान अवस्थामा हाम्रा सबैजसो नेतृत्व तहमा रहेका नेताहरू नेतृत्वमा रहिरहन चाहाने हुनाले नेपाली राजनीतिमा असहजता बढ्दै गएको छ र राजनीतीक दलभित्र गुट उपगुटको वातावरण सिर्जना भएको छ । यसले गर्दा राजनीतिक दलहरू सधैं जनता केन्द्रितभन्दा पनि आफ्नो गुट र पार्टी जोगाउनमा व्यस्त रहने हुँदा जनताका समस्या ज्युँकात्युँ छन् । विकास र समृद्धिका लागि प्रशस्त सम्भावना र स्रोत साधन हुँदाहुँदै पनि हरेक क्षेत्रमा नेतृत्वको कमिजोरीले हामी पछि परिरहेका छौं ।

पेन्सन खाने उमेर भएकाले स-सम्मान बिदा हुने र नयाँ युवा पुस्तालाई नेतृत्व दिने बेला भइसकेको छ । सफलता मिल्ला नमिल्ला तर पहल परिवर्तनको गर्न जरुरी छ । दैनिकी धान्ने नेतृत्व होइन । दैनिकी बदल्ने नेतृत्व आजको आवश्यकता हो । खोल ओढेर र पूर्वाग्रह नराखी एकपटक सोच्नुपर्ने भएको छ । यो देशलाई अब साँच्चिकै माया गर्ने नागरिक, कार्यकर्ता र नेतृत्व चाहिएको छ ।

*- साभार: रातोपाटी*

# नेपाल फर्कंदा खुशी छु : प्रशिक्षक अलमुताइरी



काठमाडौं/ राष्ट्रिय पुरुष फुटबल टिमका मुख्य प्रशिक्षक अबदुल्लाह अलमुताइरी नेपाल आइपुगेका छन् । साफ च्याम्पियनसिप पछि नेपाल नफर्कने भन्दै माल्दिभ्सबाट सिधै कतार पुगेका अलमुताइरी अखिल नेपाल फुटबल संघ एन्फासंग तीन वर्ष सम्झौता गर्ने सहमति भएपछि नेपाल आएका हुन् ।

माल्दिभ्समा भएको साफ च्याम्पियनसिपमा नेपाल अलमुताइरीको प्रशिक्षणमा फाइनल पुगेको थियो । पहिलो पटक साफ फाइनल पुगेको नेपाल भारतसँग ३-० ले पारजित हुँदै उपविजेता बनेको थियो ।

शनिबार बेलुका काठमाडौं आइपुगेका अलमुताइरीलाई राष्ट्रिय फुटबल टिमका म्यानेजर तथा एन्फा केन्द्रीय सदस्य मधुसुदन उपाध्यक्षलगायतले स्वागत गरेका थिए । अलमुताइरीले नेपाल फर्कंदा खुशी लागेको प्रतिक्रिया दिएका छन् । 'म खुशी छु किनकि म घर फर्किएको छु ।'

अलमुताइरीले विमालनस्थलमा सञ्चारकर्मीसँग भने । उनले पछिल्लो तीन/चार महीना गाह्रो भएको सबैले बुझेको र नेपाली फुटबल मन पराउनु नै सबैभन्दा ठूलो कुरा भएको बताए । अलमुताइरीले एन्फा र कतार पुटबल एसोसिएसनको धेरै आग्रह गरेपछि बफू नेपाल आउन सहमत भएको बताए । उनले पैसा भन्दा पनि महत्वपूर्ण कुरा नेपालीले फुटबल मन पराउनु रहेको बताए ।

सबैलाई पछिल्लो ३-४ महिनाधेरै गाह्रो छ । चार महीना नेपालीले फुटबल मन पराउँछन् त्यो सबैभन्दा महत्वपूर्ण हो पैसा भन्दा । यस्तै अलमुताइरीले साफ कपपछि राम्रो फिडब्याक पाएको र अब फुटबलमा केही गर्न सक्छ भन्ने भएको बताए ।

'मेरो विचारमा अब उनीहरूले फुटबल खेलाडीमा लगानी गर्नेछन् । हामी फुटबलमा केही गर्न सक्छौं,' उनले भने, 'धेरै नसोच्नु । हामी विश्वकपमा छनोट हुनुपर्छ भन्दिन । स्टेप बाइ स्टेप जानुपर्छ । हाम्रो टार्गेट अर्को साफ कप हो । यस पटक हामी फाइनल पुग्यौ । अब एसिया क्वालिफायर खेल्नेछौं ।' उनले सन् २०२७ मा नेपाल एसिया कपमा पुग्ने पनि बताए ।

अलमुताइरी तीन वर्षको सम्झौता गर्न सहमत हुँदै नेपाल फर्किएका हुन् । 'अहिले तीन वर्ष सम्झौता गरेका छौं । म नेपालमा खुशी छु । म नयाँ मोटिभेसनका साथ आएको छु । म केही चाहन्न । मे मेरो खेलाडी सुरक्षित होस् भन्ने चाहन्छौं । हामी नेपालको लागि लड्छौं,' उनले अघि भने । यस्तै अलमुताइरीले साफ कपमा सबैले राम्रो समर्थन गरेको भन्दै सकरात्मक सोचेका लागि सबैलाई धन्यवाद दिए । यस्तै नयाँ युवा तथा खेलकुदमन्त्री महेश्वर गहतराजले आफूलाई बारम्बार फोन गरेको गरेको र योजना बारे बुझ्नु भएको पनि बताए ।

एन्फाले सय दिनभन्दा लामो समय ए डिभिजन लिग आयोजना गर्न लागेको सनाउँदै यो फुटबल विकासमा राम्रो रहेको बताए । यस्तै उनले लिगमा विमल घर्ती मगरको खेल फलो गर्ने बताउदै विमल नेपाली फुटबलको आशा भएको पनि बताए ।

*- साभार: अनलाईनखबर*

# फूलबाट मनग्य आम्दानी



महोत्तरी (रासस)/ नसोचेको उपलब्धि हात पर्दा यहाँका गृहिणी अहिले दङ्ग छन् । घर आँगनको सौन्दर्यका लागि लगाइएको फूल किन्न दिनदिनै व्यापारी घरघरै आउन थालेपछि जिल्लाका गाउँ-नगर बस्तीका सर्वसाधारण गृहिणी नसोचेको आम्दानी हात परेको भन्दै दङ्ग परेका हुन् ।

तिहार सुरु हुन दुई/तीन दिन बाँकी छँदै अहिले फूल खोज्न व्यापारी बस्ती-बस्तीमा पसेका छन् । घरआँगन परिसरमा ढकमक्क फुलेका सयपत्री, गोदावरी र मखमली फूल 'ल, मलाई दिनुहोला' भन्दै व्यापारीले हातहातमा अग्रिम पैसा थमाएपछि गृहिणीहरूमा खुशी छाएको हो । "यो आँगनको फूलले आम्दानी देला भन्ने त सोचिएकै थिएन, आम्दानी लिने गरी लगाइएको पनि होइन", भङ्गाहा नगरपालिका-४ रामनगरकाका रसिया चौधरी थारूले भने, "अहिले व्यापारी आफैं घर आएर ३०/३५ बोटको फूललाई 'एक हजार दिन्छु' भन्दै बैना (अग्रिम पेश्की) थमाएर गएका छन् । तिहार ताका फुल्ने फूलबाट अहिले नसोचेको अतिरिक्त आम्दानी भएको उनको भनाइ छ । यसले पर्वको मुखमा सानातिना फुटकर खर्च गर्न पाइएको उनी बताउँछन् ।

महोत्तरीका ग्रामीण बस्तीमा अहिले चौधरीजस्तै थुप्रै गृहिणीले घरआँगनको फूलबाट अतिरिक्त आम्दानी पाएका छन् । बस्ती-बस्ती पसेका फूल व्यापारीले हातहातमै पैसा थमाइदिएपछि फूल पनि आम्दानीको स्रोत रहेछ भन्ने चेत खुलेको यहाँका सर्वसाधारण गृहिणीको भनाइ छ ।

बर्दिबास-६ का रेवती पोखरेलले भने "हैन, राम्रै रकम पाइँदोरहेछ, अब त तिहारताका फुल्ने गरी फूलका बोट बढाएर रोप्न पर्ला । शनिबार आँगन वरिपरिको लगभग ५० बोटका फूलवापत एक हजार ५०० रकम पाए ।" तिहारअघि फूलको खोजीमा बस्ती-बस्ती पसेका व्यापारीले सर्वसाधारण गृहिणीको मन फूलखेती गर्नेतिर खिचेका छन् । गतवर्ष नै यस्तो आम्दानी हात पारेका गृहिणीले त घरआँगन वरपर यसपालि फूलका बोट बढाएर लगाएको जानकारी दिए । यसपालि यस्तो आम्दानी हात पारेका गृहिणीले आघौं (आउने वर्ष) खेती नै जस्तो गरी फूल बढाउने अठोट गरेका छन् ।

"फूल त व्यावसायिकरूपमै खेती गरे हुने भएछ, घरघरै व्यापारी आउँदा रहेछन्", भङ्गाहा-५ राजपुरका हरिप्रिया महतो भन्छन्, "घर प्रयोजनकै पानीबाट अलि बढाएर फूलखेती गर्न सकिने रहेछ ।" उनका छरछिमेकका गृहिणीले पनि अब फूल अलि बढाएर लगाउने र अतिरिक्त आम्दानी गर्ने सोच बनाएका छन् ।

"तिहारमा फुल्ने गरी जति खेती गरे पनि हुने रहेछ", भङगाहा-४ का लक्ष्मी श्रेष्ठले भने, "यो आँगनको डिलमा ४०/५० बोट सयपत्रीका होलान्, मलाई त एक जना व्यापारीले दुई हजार दिन्छु भनेर बैना दिएर गए ।" आर्जनका लागि नभई शोभाका लगाइएको केही बोटबाटै यति आम्दानी हुने भएपछि अबचाहिँ तिहारलक्षित फूलखेती गर्ने टुंगोमा पुगेको उनको भनाइ छ ।

घर करेसा वरपर शोभाका लगाइएको मखमली, सयपत्री र गोदावरीसहितका फूलले घरै बसीबसी दुई-चार हजार आम्दानी बनाइदिएको घरायसी काममै व्यस्त रहने गृहिणीले बताएका छन् । यसपालि तिहारकै लागि फूल खोज्दै आएका व्यापारी र अरु ग्राहकले आफ्ना ३०-३५ वटा जति बोटका सयपत्री फूल लाँदा दुई हजार आम्दानी भएको बर्दिवास-६ कृष्णपुरकी गृहिणी सम्झना काृले बताउँछन् । करेसाकै फूलका बोटबाट सम्झनाले गरेको आम्दानी देखेपछि छिमेकका अरु गृहिणीले पनि अब व्यावसायिकरूपमै फूलखेती गर्ने निर्णय गरेका छन् ।

अहिले तिहार लागेसँगै फूल खोज्ने ग्राहक जिल्लाको ग्रामीण बस्तीमा लर्को नै देखिने गरेको छ । पर्वविशेषले गर्दा फूल खोज्ने ग्राहक र व्यापारीले राम्रो मूल्य दिएपछि हरेक वर्ष तिहारमा उत्पादन लिने गरी फूलखेती गर्न आफ्नो गाउँटोलका सबैजसो गृहिणी महिला अग्रसर देखिएका बर्दिबास-१२ की गृहिणी उमा महतोले जानकारी दिए ।

जिल्लामा फूलको व्यावसायिक खेती नभए पनि अब यस्को सम्भावना बढेको कृषिविज्ञ बताउँछन् । तिहार र छठजस्ता पर्व र सालैभरि आयोजन हुने धार्मिक अनुष्ठान एवं पूजाअर्चनालाई लक्ष्य गरी यसको व्यावसायिक खेती सुरु गरिए जिल्लामा थप एउटा आर्जनको बाटो खुल्ने कृषि ज्ञान केन्द्रका जलेश्वरका कृषिविज्ञ बताउँछन् । किसानले फूलखेती गर्ने निर्णय गरेर यसका लागि प्राविधिक र राम्रो उन्नत जातको बीउको माग गरे बीउबिजन उपलब्ध गराउन सकिने केन्द्रका प्रमुख रामचन्द्र यादवले जानकारी दिए ।

जिल्लाका १० नगरपालिका र पाँच गाउँपालिकासहित १५ पालिकामध्ये बलवा नगरपालिकाको पडौल र बनौटा बस्तीमा भने केही किसानले थोरै क्षेत्रफलमा व्यावसायिकरूपमै फूलखेती गरेका छन् । त्यहाँका किसानले आफ्नो उत्पादन व्यापारीले फूलबारीबाटै फूल लाने गरेका जनाइका छन् ।

यी बस्तीमा उत्पादित फूलको गुणस्तर राम्रो भएकाले व्यापारीका रोजाइमा पर्ने गरेको किसानको भनाइ छ ।

यहाँ उत्पादित फूल राजधानी काठमाडौंसहित विभिन्न सहरमा पुग्ने गरेको किसान, व्यापारी र कृषिविज्ञले बताएका छन् ।

पछिल्लोपटक फूलको खेती गर्नेलाई प्राविधिक सहयोग र बीउ संकलनमा सहयोग गरिने बताएपछि यसको खेतीमा रुचि देखाउने किसानको संख्या बढ्दै गएको छ । फूलखेतीबारे रुचि देखाउनेमा महिलाको संख्या अधिक रहेको ज्ञान केन्द्रले जनाएको छ ।

# शङ्खधर साख्वा: नेपाल संवत् एप सार्वजनिक हुने

भक्तपुर (रासस)/ नयाँ वर्ष अर्थात् नेपाल संवत् ११४२ को अवसरमा प्रधानमन्त्री शेरबहादुर देउवाले नेपाल संवत्का प्रवर्तक शङ्खधर साख्वा: को राष्ट्रिय प्रतिमामा माल्यार्पण गर्नुहुने भएको छ ।

राष्ट्रिय विभूति शङ्खधर साख्वा: प्रतिष्ठानले आज प्रतिष्ठानको कार्यालयमा आयोजना गरेको पत्रकार सम्मेलनमा यसबारे जानकारी दिँदै प्रतिष्ठानका निवर्तमान अध्यक्ष श्यामकृष्ण मानन्धरले कार्यक्रमको सम्पूर्ण तयारी पूरा भएको जानकारी दिए ।

ने.सं. ११२० अर्थात् २०५६ सालमा शङ्खधर साख्वा: लाई राष्ट्रिय विभूति घोषणा गरेसँगै हरेक वर्ष नेपाल संवत्को पहिलो दिन अर्थात् भाईटीकाको अघिल्लो दिन सरकार प्रमुखबाट गरिने कार्यक्रमको सबै तयारी पूरा भएको उनले जानकारी दिए । यस वर्ष प्रतिष्ठानले नेपाल संवत् र शङ्खधर साख्वा:का बारेमा पूर्ण जानकारी समेटिएर तयार पारेको नेपाल संवत् एप: र नेपाल संवत्को पात्रोसमेत प्रधानमन्त्री देउवाद्वारा सार्वजनिक गराउने कार्यक्रम छ ।

यसबारेमा जानकारी दिँदै मानन्धरले अमेरिकाको नासामा कार्यरत भक्तपुरका शौनक रञ्जितकारले लामो समय अन्वेषण गर्दै तयार पारेको नेपाल संवत्को पात्रो नेपालकै सबभन्दा पुरानो पात्रोका रूपमा रहेकाले यसलाई वैज्ञानिक रूपमा नै प्रमाणित गर्ने गरी नेपाल संवत्, विक्रम संवत् र इस्वी संवत्समेत समेटिएर तयार पारेको एप: सार्वजनिक गर्ने बताए ।

देवनागरिक लिपि र विक्रम संवत् भारतबाट आयातीत रहेको भन्दै नेपालको आफ्नै संवत्का रूपमा नेपाल संवत्को पात्रोलाई प्रयोगमा ल्याउने गरी यो पात्रोलाई विक्रम संवत् र इस्वी संवत्मा समेत मिति, तिथि सबै मिल्ने गरी एप: तयार भएको जानकारी दिए । वैज्ञानिक रूपमा नै प्रमाणित गर्दै नेपाल पञ्चायन निर्णायक समिति, ज्योतिष, संस्कृतिविद्, परातत्वविद् र सरोकारवाला निकायहरूसँग छलफल गरेर प्रमाणित गर्दै तयार पारेको पात्रो र एप: लाई व्यवहारमा ल्याउने उनले बताए ।

केही वर्षयता नेपाल संवत्को पात्रो नै ठाउँअनुसारले फरक हुने र म्ह: पूजासमेत एक दिनअगाडि र पछाडि गर्ने गरेकामा अब सबैतिर एउटै पात्रो र एकै दिन म्ह: पूजा हुने उनको भनाइ छ । नेपाल संवत् नेवारको संवत् नभई सबै नेपाली जनताको साझा संवत् भएकाले यसको प्रचार आवश्यक रहेको उनले बताए । त्यसैगर ज्ञानराम श्रेष्ठको नेतृत्वमा प्रतिष्ठानको बुलेटिन प्रकाशन गरी कार्यक्रममा सार्वजनिक गरिने भएको छ । यस वर्ष आउँदो १९ गते बिहान ९ बजे प्रधानमन्त्री देउवा, मन्त्रीहरू, विभिन्न दलका प्रमुख एवं प्रतिनिधिहरू, सरकारी कार्यालयका प्रमुखहरू, स्थानीय तहका प्रमुखहरूको सहभागिता रहनेछ ।

यस वर्ष दोलखा, गोरखा र पोखरामा पनि नेपाल संवत्कै दिन १९ गते भव्यरूपमा शङ्खधर साख्वा: को प्रतिमा माल्यार्पण गर्ने कार्यक्रम तयार भएको छ । पत्रकार सम्मेलनमा यसबारे जानकारी दिँदै दोलखाको चरिकोट बजारमा स्थापना भएको, गोरखा र पोखरामा स्थापना भएको शङ्खधर साख्वा:को सालिकमा माल्यार्पण गर्ने कार्यक्रम रहेको जानकारी दिए ।

# दुर्घटनामा चालकको मृत्यु

बनियानी (रासस)/ कल्भर्टमा मोटरसाइकल ठक्कर खाई दुर्घटना हुँदा चालक अर्जुनधारा-११ का १८ वर्षीय कुशल दासको मृत्यु भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

पूर्वबाट पश्चिमतर्फ जाँदै गरेको प्र १-०१-०१२ प ४३७४ नं को मोटरसाइकल शनिबार राति ९:३० बजे आफैं अनियन्त्रित भई कल्भर्टमा ठोक्किएर खोलामा झरेको थियो । घटनाको जानकारी पाएपछि अस्थायी प्रहरी पोष्ट सालबारीबाट प्रहरीले पानीमा डुबेर बेहोस भएका दासलाई उपचारका लागि मनमोहन अस्पताल विर्तामोड पठाइएकामा अस्पतालमा मृत्यु भएको प्रहरीले जनाएको छ ।

# मृतकका परिवारलाई ३० लाख सहयोग

चितवन (रासस)/ ट्र्याक्टर दुर्घटामा मृत्यु भएका मजदुरका परिवारलाई ३० लाख सहयोग हस्तान्तरण गरिएको छ । मृत्यु भएका छ जना परिवारलाई प्रतिपरिवार पाँच लाखका दरले राप्ती नगर पालिकाकाले सहयोग गरेको हो ।

विसं २०७७ चैत २९ गते पूर्वी चितवनको राप्ती-११ स्थित चिउरीखोलामा ना १ त ६२८२ नंको ट्र्याक्टर दुर्घटना भएको थियो । उक्त दुर्घटनामा घर ढलान गरेर फर्किंदै गरेका छ मजदुरको मृत्यु भएको थियो भने १६ जना घाइते भएका थिए । नगर प्रमुख प्रभा बरालले दुर्घटनामा ज्यान गुमाएका परिवारलाई राहातस्वरुप सहयोग गरिएको जानकारी दिए । पाँच परिवारलाई सहयोग रकम हस्तान्तरण गरिएको छ । एक मृतकका दुईवटी श्रीमतीतर्फ चार छोराछोरी रहेकाले चारै जनालाई बराबर हुने गरी दिने व्यवस्था गरिएको उनले जानकारी दिए । उक्त परिवारलाई जिल्ला प्रशासन कार्यालयका रोहवरमा हस्तान्तरण गर्ने व्यवस्था गरिएको छ ।

राप्ती नगरपालिकाले १५ लाख, खैरहनी नगरपालिकाले पाँच लाख, पूर्वी चितवन भवन निर्माण व्यवसायी संघले चार लाख, ठेकेदारले चार लाख र ट्र्याक्टर धनीले दुई लाख गरी ३० लाख जम्मा गरेर सहयोग गरेको जनाइएको छ ।

राप्ती नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत गंगाबहादुर भुजेलले दुर्घटनाका घाइतेको उपचारमा ५० लाखभन्दा बढी खर्च भएको बताए । सो खर्च ट्र्याक्टर धनी, ठेकेदार र व्यवसायी संघसँग समन्वय गरी उपचार गरिएको जानकारी दिए । उनले जनप्रतिनिधिका समन्वयमा अस्पतालबाट सात लाख बराबरको छुट गराइएको जानकारी दिए ।

राप्ती-११ को वडा कार्यालय भवन ढलानको काम सकेर फर्किंदै गरेका कामदार सवार ट्र्याक्टर दुर्घटना हुँदा राप्ती-५ का ३५ वर्षीय खड्क लामा, राप्ती-४ का ४५ वर्षीय सीताराम श्रेष्ठ, खैरहनी नगरपालिका-९ का ४० वर्षीय मगन महतो, खैरहनी-९ कै ५० वर्षीया छनिया महतो र मकवानपुरको राक्सीराङका एक जनाको मृत्यु भएको थियो ।

# 'दोहोरी च्याम्पियन'को उपाधि प्रकाश र मीनालाई



कास्की (रासस)/ नेपाल टेलिभिजनको आयोजनामा सञ्चालित 'पहिलो दोहोरी च्याम्पियन'को उपाधि प्रकाश पराजुली र मीना बुढाथोकीको जोडीले उचालेको छ ।

पोखरास्थित फेवाताल किनारमा शनिबार साँझ सम्पन्न 'फाइनल' सो जोडीले उपाधिसहित २० लाख र एक करोड बराबरको जीवन बिमा पुरस्कार प्राप्त गर्न सफल भए ।

यसैगरी बालचन्द्र बराल र शोभा कार्कीको जोडी द्वितीय घोषित भए । उनीहरूले १० लाख र ५० लाखको बिमा पुस्कार पाएका छन् ।

सविन आचार्य र रीता रावतको जोडी तृतीय बन्दै तीन लाख पुरस्कार पायो भने राजेन्द्र पाठक र मीना नेपालको जोडीले सान्त्वना स्थान हासिल गरेर दुई लाख पुरस्कार पाए । प्रतियोगितामा विजयी कलाकारलाई गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेल, नेपाल टेलिभिजनका महाप्रबन्धक फूलमान बललगायतले पुरस्कार वितरण गरेका थिए ।

प्रतियोगिताको निर्णायकमा वरिष्ठ लोकगायक प्रजापति पराजुली, गायिका सीता थापा, राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठानका अध्यक्ष रहेका गीतकार रमेश बिजी र गायक तथा गीतकार चन्द्र शर्मा थिए । नेपाल टेलिभिजनमार्फत हरेक हप्ताको शनिबार दोहोरी च्याम्पियन कार्यक्रम प्रसारण हुँदै आएको थियो ।

देशभरबाट डिजिटल अडिशनबाट छनोट भएकामध्ये ३५ समूहको फिजिकल अडिशन हुँदै उत्कृष्ट २४ समूह छनोट गरिएको थियो । उत्कृष्ट २४ समूहबीच प्रतिस्पर्धा हुँदै 'दोहोरी च्याम्पियन' फिनालेसम्म पुगेको आयोजकले जनाएको छ ।

# शिव श्रेष्ठलाई नफापेको महामारी



काठमाडौं- भुवन केसीले महानायकको असली हकदार शिव श्रेष्ठ भएको दाबी गरे पनि बक्स अफिसले भने उनको स्टार पावरमा खासै भरोसा देखाएन । महामारीपछि उनका दुई फिल्म रिलिज भए तर दुवै फिल्मले न्युनतम दर्शक पनि पाएनन् ।

पहिलो महामारीपछि शिव श्रेष्ठले हल खुलाउने निर्णयको नेतृत्व मात्र लिएनन्, फिल्म उद्योगलाई चलायमान बनाउने भन्दै उनले आफूले निर्माण गरेको 'एउटा यस्तो प्रेम कहानी' पनि रिलिज गरे । तर, सुटिङ नै पूरा नगरी हलमा लागेको फिल्मलाई दर्शकले पत्याउने कुरै थिएन । पत्याएनन् पनि ।

महामारीपछि दर्शक हलमा बोलाउने चुनौती कायम नै छ । त्यही कारण आृनो फिल्मले उद्योग नै परिवर्तन गर्छ भनेर गफ दिने फिल्मकर्मीले पनि फिल्म रिलिज गर्ने हिम्मत गर्न सकेका छैनन् । तर पनि मारामार दर्शक नआए पनि धेरथोर दर्शक शिव श्रेष्ठ सम्झेर नै आउनु पर्ने थियो । आएनन् । संयोगवश दोस्रो चरणको महामारीपछि पनि हलमा लाग्ने फिल्म शिव श्रेष्ठकै पर्यो । तर यो पटक फिल्म चलाउने जिम्मेवारी शिव श्रेष्ठ एक्लैले बोक्नु परेको थिएन । 'डाँडाको बरपिपल'नामको यो फिल्मका निर्देशक शोभित बस्नेत आफैं बिकाउ नाम थिए भने फिल्ममा गौरी मल्ल, सलोन बस्नेत र अतिथि भूमिकामा भुवन केसी पनि थिए ।

अझ रिलिजको समयमा महानायक विवाद उचालिएपछि त विवादले नै सही फिल्मलाई फाइदा पुग्ने अनुमान थियो । तर यस पटक भने दर्शकले शिव श्रेष्ठको फिल्मलाई दर्शकले पत्याएनन् । दर्शक नपाएरै फिल्म हलमा हप्ता दिन पनि टिक्न सकेन । अरु बेला दर्शकले शिव श्रेष्ठको भरोसा गरेकै हुन् तर महामारीमा भने शिव श्रेष्ठलाई दर्शकले पत्याएनन् । समग्रमा भने शिवलाई महामारी फापेको देखिएन । *- इकागज*

# लुम्बिनीको विकासलाई प्राथमिकतामा राखौं : राष्ट्रपति

सिद्धार्थनगर (रासस)/ राष्ट्रपति विद्यादेवी भण्डारीले लुम्बिनी विश्वको आकर्षणको केन्द्र भएकाले यसको विकासलाई नेपाल सरकारले मुख्य प्राथमिकतामा राख्नुपर्नेमा जोड दिएका छन् ।

उनले भने, "गौतम बुद्धको जन्मस्थल लुम्बिनी संसारकै आकर्षण रहेको एक पवित्रस्थल हो, यसको विकासका लागि जनतालाई समर्थनमा लिएर काम गर्नुपर्ने हुन्छ । जनताको खुसी नै हाम्रो खुसी हो ।"

आज लुम्बिनी पुगेका राष्ट्रपति भण्डारीले बज्रयान महाविहार तथा नेपाल मण्डला स्वागतद्वारको शुभारम्भ गर्दै भने, "गौतम बुद्धको जन्मस्थल लुम्बिनी क्षेत्रको सन्देश चारैतिर फैलिएको छ, यो विश्वप्रसिद्ध स्थल हो, नेपालमा गौतमबुद्धको जन्म भएको हो, बुद्धले लामो तपस्यापछि जुन ज्ञान प्राप्त गरे त्यसको मर्म र भावनाअनुसार चलनसक्दा नै मानवकल्याण हुनेछ ।"

उनले राष्ट्रिय विकास क्षेत्रीय चिन्तनबाट प्रभावित हुनुहुँदैन भन्दै लुम्बिनीजस्तो पवित्रस्थल सबैको प्राथमिकतामा रहनुपर्ने र यसको विकासमा सबैको साझा मत हुनुपर्ने धारणा पनि राखे ।

त्यस समारोहको मञ्चमा रहेका सांसदहरू, पूर्वमन्त्रीहरू, नगरप्रमुखहरू लगायतलाई सम्बोधन गर्दै उनले लुम्बिनी गुरुयोजना समयमै पूरा गर्न निर्देशन पनि दिए । राष्ट्रपति भण्डारीले भने, "धेरै समयपछि यहाँहरूलाई भेट्न पाउँदा खुसी लाग्यो । खास गरीकन यति धेरै जनप्रतिनिधिलाई भेट्ने अवसर प्राप्त भएको छ ।"

त्यस अवसरमा राष्ट्रपति भण्डारीले काठमाडौं महानगरकाका प्रमुख, उपप्रमुख तथा वडाध्यक्षहरूलाई सम्मान प्रदान गरेका थिए ।

उनी आइतबार बिहान ११ बजे हेलिकप्टरबाट लुम्बिनी आइपुगेका थिए । उनलाई लुम्बिनीमा लुम्बिनी प्रदेशका मुख्यमन्त्री कुलप्रसाद केसी, लुम्बिनी विकास कोषका उपाध्यक्ष भिक्षु मेत्तेया, सांसदरु डा सूर्य पाठक, खिमलाल भट्टराई लगायतले स्वागत गरेका थिए ।

बज्रयान महाविहारमा आयोजित कार्यक्रममा स्वागत गर्दै लुम्बिनी बौद्ध विश्वविद्यालयका पूर्वउपकुलपति प्राडा नरेशमान बज्राचार्यले लुम्बिनीमा नेपालको विहार नभएको हुँदा आफूहरको अग्रसरतामा बज्रायान महाविहार निर्माण गरेको बताए । उनले यसका लागि काठमाडौं महानगरपालिकाले चार करोड २९ लाख सहयोग गरेकोसमेत बताए ।

# बाँदरझुलका १८७ जनाले पाए नागरिकता

चितवन (रासस)/ माडी नगरपालिका-९ मा पर्ने बाँदरझुलका १८७ जनाले नागरिकता पाएका छन् । जिल्ला प्रशासन कार्यालय चितवनले कात्तिक ११ गतेदेखि १३ गतेसम्म सञ्चालन गरेको नागरिकता वितरण सहजीकरण कार्यक्रममा उनीहरूले नागरिकता पाएका हुन् ।

कार्यालयका सहायक प्रमुख जिल्ला अधिकारी चिरञ्जीवी शर्माका अनुसार नागरिकता पाउने ७० जना पुरुष र ११७ जना महिला रहेका छन् । कार्यक्रममा ९० वर्षीया सुकमाया स्याङ्तानले समेत नागरिकता पाएका छन् । उनले भने, "कार्यक्रमबाट एकै परिवारका चार/पाँच जनासम्मले नागरिकता पाएका छन् ।"

कार्यक्रममा राष्ट्रिय परिचयपत्र रजिष्ट्रेसन गर्नेको संख्या १२० रहेको छ । सो स्थनामा नागरिकता वितरण सहजीकरण कार्यक्रम गरिएको यो दोस्रो पटक हो । विसं २०७३ मा पनि यहाँ नागरिकता वितरण गरिएको थियो ।

यस क्षेत्रका जनतालाई इलाका प्रशासन कार्यालय माडीमा र जिल्ला सदरमुकाम आउन पनि निकै कठिन हुने गरेको छ । चितवन राष्ट्रिय निकुञ्जको जग्गा फँडानी गरी उक्त ठाउँमा सुकुम्वासी बस्ती बसेको छ ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

Printer Shop

The complete office solution

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4

tonerhouse_htd@yahoo.com

# मकवानपुरगढी गाउँपालिका
## गाउँ कार्यापालिकाको कार्यालय

मक्राञ्चुली, मकवानपुर
बागमती प्रदेश, नेपाल

## आ.व.२०७८/०७९ को लागि ढुंगा, गिट्टी, बालुवा, रोडा आदि नदीजन्य पदार्थ लिलाम बिक्री शुल्कको ठेक्का बन्दोबस्ती सम्बन्धी बोलपत्र आह्वानको सूचना

(दोस्रो पटक प्रकाशित मिति : २०७८/०७/१५)

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अन्तर्गत उपदफा २ को खण्ड घ (६) मा भएको व्यवस्था बमोजिम यस गाउँपालिकाले उत्खनन गरी राखेको ६ वटा थुप्रोमा भएको नदीजन्य पदार्थ मिति २०७८/५/१३ गते बसेको गाउँ कार्यापालिकाको बैठकको निर्णय अनुसार जे-जस्तो अवस्थामा छ सोही अवस्थामा चालु आ.व.का लागि बढाबढको माध्यमबाट लिलाम ठेक्का बन्दाबस्त गर्नुपर्ने भएकाले इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुबाट आफ्नो नागरिकताको प्रतिलिपी, फर्मको हकमा नवीकरण भएको प्रमाण-पत्र, मुल्य अभिबृद्धि कर दर्ता प्रमाण-पत्र, आ.व. २०७७/०७८ सम्म कर तिरेको प्रमाणित प्रतिलिपिहरु तथा उक्त कार्य गर्न योग्य भएको स्वघोषणा पत्र सहित रितपुर्वकको यो १५ दिने बोलपत्र आह्वान गरिएको छ । विद्युतीय माध्यमबाट सार्वजनिक खरिद अनुगमनको कार्यालयको website https://ppmo.gov.np/egp मा रहेको site प्रयोग गरी बोलपत्र हेर्न वा समावेश हुन सकिने व्यवस्था समेत मिलाइएको व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराइएको छ ।

- बोलपत्र फारम दस्तुर रु.५,०००.०० (फिर्ता नहुने गरी)

| सि.न | ठेक्का नं. | ठेक्काको किसिम | शुल्क उठाउन पाउने दर रेट | परिमाण | न्युनतम ठेक्का अंक ( मु.अ.कर वाहेक) | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | MRM/RAJASWA/01-(Re)/2078-079 | ढुंगा, गिट्टी, वालुवा, ग्राभेल, रोडा, स्लेटे आदि लिलाम बिक्री | प्रति घनफिट रु. १२ | ३४,७६,२४४।२४ घनफिट | ४,१७,१४,९३०.८८ | |

प्रस्तावित ठेक्काहरुमा गाउँपालिकाबाट उत्खनन गरि राखिएको मकवानपुरगढी गाउँपालिका वडा नं. ६ को डुम्रेकुना सिरान, निर्माणधिन अस्पताल पछाडी, डुम्रेकुना चौर, सामरी खोला वालुवा उद्योगसँग मकवानपुरगढी २ को कुर्ले, र सोल्टीमोड गरी जम्मा ६ थुप्रो बाट जे जस्तो अवस्थामा नदिजन्य पदार्थ थुपारिएको छ त्यस्तो अवस्थामा नै लिलाम बिक्री गरिनेछ ।

**शर्तहरु :-**

१) बोलपत्र फारम दोस्रो पटक सूचना प्रकाशित मितिले १५ औ दिन अर्थात् मिति २०७८/०७/२९ गते सम्ममा कार्यालय समय वा E– Submission मार्फत खरिद गर्न सकिनेछ र खरिद भएका बोलपत्रहरु १६ औ दिनको १२:०० बजे अर्थात् मिति २०७८/०७/३० सम्म यस कार्यालयमा दर्ता गरि सक्नु पर्नेछ । दर्ता भइ आएका बोलपत्रहरु सोहि दिनको २:०० बजे अर्थात् मिति २०७८/०७/३० मा यस कार्यालयमा कार्यालयको प्रतिनिधि र बोलपत्रदाताहरु को रोहबरमा खोलिनेछ । प्रस्ताब खोल्ने समयमा बोलापत्रदाता वा निजको प्रतिनिधि उपस्थिति नभएमा पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन । साथै बोलपत्र खरिद एवं दर्ता गर्ने अन्तिम दिन सार्बजनिक बिदा पर्न गएमा सो दिनको भोलिपल्ट कार्यालय खुलेको दिनलाई क्रमस : बोलपत्र खरिद एवं दर्ता गर्ने अन्तिम दिन मानिने छ । साथै E– Bidding मार्फत बोलपत्र पेश गर्न चाहने बोलापत्रदताको हकमा www.bolpatra.gov.np/egp बाट पनि बोलपत्र पेस गर्न सकिने छ ।

२) ठेक्काको मान्य अवधि :- लिलाम सकार गरिएको नदीजन्य पदार्थ २०७८ माघ मसान्तसम्म बिक्री वितरण गरिसक्नु पर्नेछ ।

३) यस ठेक्का खरिद गर्न इच्छुक फर्म लाई सार्बजनिक खरिद नियमावलीले तोके अनुसारको दुबै माध्यम (Hard Copy and E– Bidding) लाई मान्यता दिइने छ । हार्ड कापी माध्यमबाट खरिद गर्न इच्छुक फर्मले तोकिएको समय अबधिभित्र यस कार्यालयमा सम्पर्क राख्नुहोला साथै विद्युतीय माध्यमबाट समावेश हुनेले नेपाल बंगलादेश बैंक लि., मकवानपुरगढी शाखामा यस कार्यालयको नाममा रहेको राजश्व खाता नं. ०६५०००१३४१ मा बोलपत्र खरिदको लागि तोकिएको दस्तुर दाखिलाको सक्कल भौचर सहितका आवश्यक कागजात समावेश गर्नुपर्नेछ । सोको सक्कल प्रतिलिपीहरु बोलपत्र खोलिए लगत्तै कार्यालयमा उपलब्ध गराउनु पर्नेछ ।

४) बोलपत्र दर्ता गर्दा आफूले कबोल गरेको अंकको ५% ले हुन आउने रकम सोही नेपाल बंगलादेश बैक लिमिटेड खाता नं. ०६५००००८४१ धरौटी खातामा जम्मा गरेको सक्कलै बैंक भौचर वा मान्यता प्राप्त बाणिज्य बैंकले जारी गरेको बोलपत्रको म्याद सकिने दिनबाट कम्तिमा १२० दिन म्याद भएको विड बण्ड समेत बोलपत्र साथ अनिवार्य संलग्न हुनु पर्नेछ ।

५) बोलपत्र स्वीकृत भएको जानकारी पाएको १५(पन्ध्र) दिनभित्र बोलपत्रदाताले न्यूनतम ४०% नगद कार्यालयले तोकिदिएको खातामा जम्मा गरेको सक्कल भौचर तथा बोलपत्रमा उल्लेख भए अनुसारको बाँकी ६०% रकम किस्ता बमोजिम पुष मसान्तभित्र दाखिला गर्नु पर्नेछ । किस्ताको हकमा संझौताका वखत नेपाल सरकारबाट मान्यता प्राप्त बाणिज्य बैंकबाट यस कार्यालयको नाममा कम्तीमा २०७८ फाल्गुन मसान्तसम्म म्याद भएको कार्य सम्पादन जमानत बैंक ग्यारेन्टी (Performance Bond) सहित संझौता गर्न आउनु पर्नेछ ।

६) बोलपत्रदाताहरुले कवोल गरेको रकमको अङ्क र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।

७) चालु आ.व.का लागि कारोवार योग्य नदीजन्य श्रोतको परिमाण र व्यवस्थापन :- स्वीकृत गाउँपालिकाबाट उत्खनन गरी राखिएको मकवानपुरगढी गाउँपालिका वडा नं. ६ को डुम्रेकुना सिरान, निर्माणधिन अस्पताल पछाडी, डुम्रेकुना चौर, सामरी खोला वालुवा उद्योगसँग मकवानपुरगढी २ को कुर्ले, र सोल्टीमोड गरी जम्मा ६ थुप्रोबाट नदीजन्य पदार्थ उत्खनन गरी बिक्री वितरण गर्नुपर्नेछ ।

८) ठेकेदारका कारण संझौता गर्न ढिलाई भएमा कुनै किसिमको छुट वा मिन्हा दिईने छैन । स्वीकृत परिमाणको अभिलेख गाउँपालिका समेतले राख्नेछ, सो अनुसार उल्लेखित समय अगावै माथि लेखिएका थुप्रो बिक्री भएमा तोकिएको समयावधि अगावै ठेक्का स्वत: समाप्त हुनेछ ।

९) प्राप्त हुन आएका बोलपत्रहरु दर्ता गर्ने म्याद सकिए लगत्तै सोही दिन यस कार्यालयमा कार्यालयका प्रतिनिधिहरु र बोलपत्रदाताहरुको रोहवरमा खोलिने छ । साथै प्रस्ताव खोल्ने समयमा बोलपत्रदाताको प्रतिनिधि उपस्थित नभएमा पनि खोल्न कुनै बाधा हुने छैन ।

१०) गाउँपालिकाबाट थुपारी राखेको स्थानभन्दा अन्यत्र स्थानबाट नदीजन्य पदार्थ निकाल्न पाइनेछैन ।

११) गाउँपालिकाले तोकेको समयभित्र नदीजन्य पदार्थ बिक्री बितरण गरिसक्नु पर्ने छ ।

१२) बोलपत्रको वोल कवोल रकम (कर समेत) एकमुष्ठ नगद बुझाएमा ठेक्का अंकको वढिमा १० प्रतिशतसम्म औचित्य हेरी निर्णयानुसार छुट दिईने छ । यसका लागि नेपाल सरकारबाट मान्यता प्राप्त बाणिज्य बैंकबाट यस कार्यालयको नाममा कम्तिमा २०७८ फाल्गुन मसान्तसम्म म्याद भएको कवोल रकमको ५% ले हुने रकमको कार्य सम्पादन जमानत बैंक ग्यारेन्टी धरौटी वापत राख्नु पर्नेछ ।

१३) कुनै कारण देखाई वा नदेखाई बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१४) यस सम्बन्धी अन्य कुनै जानकारी चाहिएमा कार्यालय समयभित्र यस कार्यालयमा बुझ्न सकिने छ वा यस कार्यालयको वेव साइट www.makawanpurgadhimun.gov.np मा हेर्न सकिनेछ ।

१५) यस सूचनामा उल्लेख भएका कुराहरु यसै सूचना बमोजिम र अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४, स्थानीय सरकार संचालन ऐन २०७४ र प्रचलित कानुन बमोजिम हुनेछ ।

१६) अन्य थप जानकारी को लागि कार्यालाय समय मा यस कार्यालायको प्राबिधिक शाखाको फोन नं. ९८५५०४४८३८ मा सम्पर्क राख्न सकिनेछ ।

प्रमुख प्रसासकिय अधिकृत


चितवन मेडिकल कलेज, CMC भरतपुरका
वरिष्ठ स्त्री तथा प्रसुति रोग विशेषज्ञ
**डा. प्रकृति सिटैला**
अब
**हेटौंडा सिटी हस्पिटलमा**

तसर्थ महिलाहरुमा हुने विभिन्न समस्याहरु जस्तै:-
- पाठेघर तथा तल्लो पेटको समस्याहरु
- महिनावारी गडबडी हुने
- सेतो पानी बग्ने
- स्तनका विभिन्न समस्याहरु
- महिला प्रजनन प्रणाली सम्बन्धि समस्या लगायत महिलाहरुमा हुने सम्पुर्ण समस्याहरुमको चेक-जाँच,उपचार तथा परामर्शका लागि हामीलाई सम्झनुहोस् र आजै आफ्नो नाम दर्ता गर्नुहोला ।

थप जानकारीको लागि
**हेटौंडा सिटी हस्पिटल प्रा.लि.**
फोन नं.:०५७-५२०३१५, ५२०५७०
साथै प्रत्येक दिन HD Quality को
अत्याधुनिक प्रविधियुक्त Endoscopy सेवा ।






**गोर्खाली ट्रेड एण्ड सप्लायर्स**
हेटौंडा-४, रजतजयन्ती, फोन: ९८४१७७१६६४, ९८५५०३१६६४


# प्रतिगमनकारीलाई पराजित गर्ने शर्माको चेतावनी

हेटौंडा/संघीय सरकारका अर्थमन्त्री तथा नेकपा माओवादी केन्द्रका स्थायी कमिटी सदस्य जनार्दन शर्मा प्रभाकरले प्रतिकमनकारी तत्वलाई तत्वलाई पराजित गर्ने बताएका छन् ।

हेटौंडामा आइतबार भएको योङ कम्युनिष्ट लिग (वाईसियल) नगर सम्मेलनलाई सम्बोधन गर्दै शर्माले संविधानमाथि हमला गर्ने प्रतिगमनकारीलाई पराजित गर्ने उनको भनाई छ । उनले गठबन्धन सरकार संविधानलाई कुल्चिन खोज्ने प्रतिगमनकारीकै कारण जन्मिएको बताएका छन् । उनले माओवादीलाई सक्काउने उद्देश्यले पार्टी अध्यक्ष पुष्पकमल दहाल प्रचण्डमाथि राजनीतिक हमला भएको आरोप लगाए । 'माओवादीलाई सक्काउन खोज्नेले प्रचण्डमाथि हमला गरेका छन् । हामीले माओवादी र प्रचण्डको रक्षा गर्नुपर्दछ ।,' शर्माले भने ।

माओवादीले सहिद, घाइते र बेपत्ता पारिएको परिवारलाई उचित ध्यान दिन नसकेको स्वीकारे ।अब माओवादी उनीहरुकै समस्या बोकेर सहकार्य गर्दै अघि बढ्ने अर्थमन्त्री शर्माको भनाई छ । प्रत्येक वडामा ३ वटा पार्टी एकाइ गठन गर्ने र सो एकाइ कमिटीलाई उत्पादनसँग जोडेर युवालाई रोजगार बनाउने मन्त्री शर्माले बताएका छन् । आगामी पुस महिनासम्म माओवादीको ३० लाख संगठित शक्ति निर्माण गर्ने दाबी गरेका छन् ।

मन्त्री शर्माले देशभर बन्द रहेका उद्योगलाई पुन: सञ्चालनमा ल्याउने योजना रहेको बताए ।


**बधाई तथा आभार**



हेटौंडा एकेडेमी विद्यालय व्यवस्थापन समितिकी सदस्य श्री **अंकिता सुमार्गी** ज्यू यहि कार्तिक ९ गते सम्पन्न मकवानपुर उद्योग वाणिज्य संघको साधारणसभा एवम् अधिवेशनबाट **एसोसियट तर्फको सदस्य** पदमा अत्याधिक मतका साथ विजयी हुनुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दै उहाँको कार्यकाल पूर्ण सफलताको शुभकामना व्यक्त गर्दछौं ।

साथै हाम्रो आह्वानमा आदरणीय उहाँलाई आफ्नो अमुल्य मत दिई विजयी गराउनुहुने एशोसियट तर्फका सम्पूर्ण मतदाताज्यूहरु, चुनाव प्रचारप्रसारमा अहोरात्र खटिनुभएका सचिवालयका सदस्यज्यूहरु, कर्मचारी एवं सञ्चारकर्मी मित्रहरु लगायत प्रत्यक्ष/अप्रत्यक्ष सहयोग गर्नुहुने सबै-सबै प्रति हार्दिक आभार व्यक्त गर्दछौ ।

**हेटौंडा एकेडेमी**
**हेटौंडा चुन उद्योग प्रा.लि.**
**दुर्गा कोल्ड स्टोरेज प्रा.लि.**
**एभरेष्ट मिनरल प्रा.लि.**
**बिन्दाबसिनी मिडिया प्रा.लि.**


# हेटौंडा उपमहानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

हेटौंडा, मकवानपुर

## प्राविधिक सहायक करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति : २०७८/०७/१५)

प्रस्तुत विषयमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम) अन्तर्गत यस उपहानगरपालिमा सञ्चालित रोजगार सेवा केन्द्रमा रिक्त रहेको प्राविधिक सहायक पद, स्थानीय सेवाको पाचौं तह सरह करारमा पदपूर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५ (पन्ध्र) दिनभित्र माग बमोजिमका विवरण र राजश्व तिरेको रसिद सहित यस कार्यालयमा आवेदन दिनुहुन अनुरोध छ ।

| सि. नं. | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १. | १/०७८/७९ | प्राविधिक सहायक | स्थानीय सेवाको पाचौं तह सरह | १ (एक) |

१) आवश्यक न्यूनतम योग्गता र अनुभव :-
क) सिभिल इन्जिनियरिङमा प्रविणता प्रमाणपत्र तह वा ओभरसियर वा डिप्लोमा तह उतिर्ण भएको
ख) अनुभव र सीप : प्राविधि सहायकमा देहायका अनुभव र सीप आवश्यक पर्नेछ :-
- कम्तीमा ३ महिने तालिम लिई आधारभूत कम्प्यूटर सीप भएको,
- पूर्वाधारको निर्माण र मर्मतका लागि आयोजनाको लागत अनुमान, सुपरीवेक्षण र अन्तिम लागत विवरण तयार गर्न सक्ने र विश्लेषण गर्न सक्ने, आयोजनाको लक्ष्य र परिणाम हासिल गर्न टोलिमा काम गरेको अनुभव, पारस्परिक सम्वन्ध सम्वन्धी सीप सहित कम्तिमा ६ महिनाको अनुभव भएको ।

ग) उमेर :- कम्तीमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको
२. दरखास्त दिने स्थान :- हेटौडा उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय हेटौडा, मकवानपुर ।
३. दरखास्त दिने अन्तिम मिति :- २०७८ साल कार्तिक २९ गते
४. आवेदन दस्तुर :- रु. ४००/- (चारसय मात्र) । (यस कार्यालयको राजश्व शाखामा नगद बुझाएको सक्कल भौचार समावेश गर्नुपर्ने छ)
५. छनौटको किसिम :- प्रारम्भिक योग्यता क्रमको सूची प्रकाशन र लिखित परीक्षा
६. आवेदन साथ संलग्न कागजातहरु :- आवेदन स्वयमले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरु
- नागरिकता
- न्युनतम तथा माथिल्लो योग्यताको लब्धांक प्रमाणपत्र
- चरित्रिक प्रमाण पत्र
- अनुभव खुल्ने कागजात
- २ प्रति पासपोर्ट आकारको फोटो

७. सेवा सुविधा :- प्राविधिक सहायक पदपूर्ति सम्वन्धि प्रक्रियाको दफा ११, १२ र १३ बमोजिम हुनेछ ।
८. पदले सम्पादित गर्नुपर्ने कार्य विवरण :- प्राविधिक सहायक पदपूर्ति सम्वन्धी प्रक्रियाको दफा ९ बमोजिम हुनेछ ।
नोट :- आवेदनको ढाँचा र प्राविधिक सहायक पदको कार्यविवरण लगायत अन्य जानकारी www.pmep.gov.np/hetaudamun.gov.np मा उपलब्ध छ ।

(प्रमुख प्रशासकीय अधिकृत)

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय: हेडम्बीचोक, हेटौंडा-१, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना, हेटौंडा-१, चौकीटोल